# सहायक नामदर्ता अधिकारीको काम कर्तव्य र अधिकार सम्बन्धी निर्देशिका, २०६३

मतदाता नामावली सम्बन्धी ऐन, २०६३ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले देहायको निर्देशिका बनाएकोछ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस निर्देशिकाको नाम "सहायक नाम दर्ता अधिकारीको काम, कर्तव्य र अधिकार सम्बन्धी निर्देशिका, २०६३ रहेको छ ।"

२. <u>परिभाषा</u> : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "ऐन" भन्नाले मतदाता नामावली सम्बन्धी ऐन, २०६३ सम्झनु पर्छ ।
(ख) "नियमावली" भन्नाले मतदाता नामावली सम्बन्धी नियमावली, २०६३ सम्झनु पर्छ ।
(ग) "आयोग" भन्नाले निर्वाचन आयोग सम्झनु पर्छ ।
(घ) "कार्यक्रम" भन्नाले मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्ने क्रममा तत्काल कायम रहेको मतदाता नामावली प्रकाशन गर्ने, त्यसमा नाम समावेश गर्ने, सच्याउने, हटाउने र दावी विरोध गर्ने लगायतका कार्यहरु गर्नका लागि आयोगले समयावधि किटान गरी प्रकाशन गरेको कार्यक्रम सम्झनु पर्छ ।
(ङ) "प्रमुख नाम दर्ता अधिकारी" भन्नाले दफा ४ बमोजिम आयोगले तोकेको अधिकारी सम्झनु पर्छ ।
(च) "सहायक नाम दर्ता अधिकारी" भन्नाले दफा ७ बमोजिमको अधिकारी सम्झनु पर्छ ।
(छ) "सङ्कलनकर्ता" भन्नाले नियमावलीको नियम ६ बमोजिम मतदाताको नाम तथा विवरण संकलन गर्न खटाइएको कर्मचारी संझनु पर्दछ ।

## परिच्छेद - २

३. <u>उद्देश्य</u> :

स्वच्छ, स्वतन्त्र र निष्पक्ष निर्वाचनको लागि त्रुटि रहित र विश्वसनीय मतदाता नामावली तयार गर्न सहायक नामदर्ता अधिकारीलाई सहयोग पुऱ्याउने प्रमुख उद्देश्यले जारी गरिएको यस निर्देशिकाले देहायका उद्देश्यहरु पूरा गर्न सहयोग पुऱ्याउने छ :

- नाम तथा विवरण संकलनको स्थलगत कार्य देखि नै मतदाता नामावलीमा त्रुटि हुन नदिने ।
- मतदाताको नाम तथा अन्य विवरण सङ्कलन वा अद्यावधिक गर्दा निर्धारित फाराम सही रुपमा भर्ने र पूरा गर्नु पर्ने कानूनी प्रक्रिया पूरा गर्ने,

- मतदाता नामावलीमा नाम समावेश भएको व्यक्तिलाई मात्र मतदान गर्ने वा आफू पनि उम्मेदवार हुने अधिकार रहने परिप्रेक्ष्यमा मतदाता नामावलीमा मतदाता हुन योग्यता पुगेका व्यक्तिको नाम नछुट्ने र समावेश हुनु नपर्ने व्यक्तिको नाम समावेश नगर्ने कुरामा सहायक नाम दर्ता अधिकारीलाई सजग गराउने,

- सहायक नाम दर्ता अधिकारीको काम, कर्तव्य तथा जिम्मेवारी स्पष्टसंग तोक्ने,

- सहायक नाम दर्ता अधिकारीले गर्ने काम कारवाहीका वारेमा जानकारी दिई सहयोग पुऱ्याउने ।

## परिच्छेद - ३

## सहायक नाम दर्ता अधिकारी र निजको जिम्मेवारी

४. **सहायक नाम दर्ता अधिकारी** : (१) प्रमुख नाम दर्ता अधिकारीले गाउँ विकास समिति वा नगरपालिकाको वडा सचिवलाई मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्न र सो सम्बन्धमा आवश्यक अन्य सबै काम गर्नका लागि सहायक नाम दर्ता अधिकारी नियुक्त गर्नेछ ।

(२) सहायक नाम दर्ता अधिकारीको कार्यालय सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडा कार्यालयमा रहनेछ ।

(३) कुनै नगरपालिकाको वडा कार्यालय नरहेको अवस्थामा नगरपालिकाको कार्यालयमा नै सहायक नाम दर्ता अधिकारीको कार्यालय रहनेछ ।

(४) गाउँ विकास समिति भवन नरहेको स्थानमा स्थानीय सहयोग समितिले निर्धारण गरेको स्थानमा कार्यालय स्थापना गर्नु पर्नेछ ।

५. **सहायक नाम दर्ता अधिकारीको मुख्य जिम्मेवारी** : आयोग र प्रमुख नाम दर्ता अधिकारीको निर्देशन र समन्वयमा रही सङ्कलनकर्ताको परिचालन गरी मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्नु सहायक नाम दर्ता अधिकारीको मुख्य जिम्मेवारी हुनेछ ।

तर, कुनै ठाउँमा कारणबस संकलनकर्ताको अभाव भएमा वा संकलनकर्ताले आफ्नो काम बिचैमा छाडी काम अधुरो रहन गएको अवस्थामा निजले संकलनकर्ताको कार्य पनि गर्नु पर्नेछ ।

## परिच्छेद - ४

## कार्यक्रम शुरु गर्नु पूर्वको तयारी

६. **तालिम सम्बन्धी** : (१) प्रमुख नामदर्ता अधिकारीबाट आफूलाई नियुक्त गरे पछि सहायक नामदर्ता अधिकारीका लागि सञ्चालन हुने तालिममा सहभागी भई सहायक नाम दर्ता अधिकारी आफ्नो काम कर्तव्य र अधिकारबारे प्रष्ट हुनु पर्नेछ ।

(२) सहायक नाम दर्ता अधिकारीले मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यमा आफूलाई सहयोग पुऱ्याउन नियुक्त हुने सङ्कलनकर्ताहरुका लागि संलग्न कार्यक्रम बमोजिम २ दिने तालिम आ-आफ्नो कार्यालयमा सञ्चालन गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम संचालन गर्ने तालिममा सहायक नाम दर्ता अधिकारीले अनुसूची फारामहरुमा भर्नु पर्ने पूरा विवरणका सम्बन्धमा संकलनकर्तालाई सैद्धान्तिक ज्ञान दिनुका साथै व्यवहारिक अभ्यास गराउनु पर्नेछ ।

७. **सामग्रीहरु बुझ्ने** : सहायक नाम दर्ता अधिकारीले आफू नियुक्त भएको गाउँ विकास समिति /नगरपालिका वडाको मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्न आफू र संकलनकर्ताहरुलाई आवश्यक देहायका सामग्रीहरु प्रमुख नामदर्ता अधिकारीको कार्यालयबाट बुझि लिनु पर्नेछ :-

- मतदाता नामावली सम्वन्धी ऐन र नियमः
- सहायक नामदर्ता अधिकारीको काम, कर्तव्य र अधिकार सम्बन्धी निर्देशिका
- संकलनकर्ताका लागि सहयोगी पुस्तिका
- तत्काल कायम रहेको मतदाता नामावली दुई प्रति
- नियमावली बमोजिमका अनुसूची फारामहरु, (अनुसूची- १ देखि २० सम्म)
- आवश्यक कार्बन पेपर
- आफ्नो र संकलनकर्ताको लागि झोला, स्ट्याम्प प्याड र पिन

८. **संकलनकर्तालाई नियुक्तिपत्र बुझाई कार्य क्षेत्रमा खटाउने** : सहायक नाम दर्ता अधिकारीले आफ्नो गाउँ विकास समिति तथा नगरपालिका वडाभित्र खटिने सङ्कलनकर्तालाई प्रमुख नामदर्ता अधिकारीद्वारा सही भएको नियुक्ति पत्र बुझाई कार्यक्षेत्रमा खटाउनु पर्नेछ ।

९. **अनुसूची फारामहरु उपलब्ध गराउने** : मतदाता नामावलीमा नाम समावेश गर्ने, नामावलीबाट नाम हटाउने, नामावलीमा भएको त्रुटि सच्याउने र दोहोरो नाम हटाउने प्रयोजनका लागि प्रमुख नाम दर्ता अधिकारीबाट प्राप्त अनुसूची फारामहरु आवश्यक संख्यामा संकलनकर्तालाई उपलब्ध गराउनु पर्नेछ ।

१०. **सहयोग समिति सम्बन्धी व्यवस्था** : (१) सहायक नाम दर्ता अधिकारीले व्यवस्थापिका - संसदमा प्रतिनिधित्व रहेका तथा स्थानीय स्तरमा सक्रिय अन्य प्रमुख राजनैतिक दलका प्रतिनिधिहरु भएको सहयोग समितिको बैठक आफ्नो कार्यालयमा बोलाउनु पर्नेछ ।

(२) सहायक नाम दर्ता अधिकारीले मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्ने क्रममा आइपरेका कठीनाइको सम्बन्धमा सहयोग समितिसंग आवश्यक सहयोग माग गर्नु पर्नेछ ।

(३) सहयोग समितिले गरेको निर्णयको अभिलेख सहायक नामदर्ता अधिकारीले राख्नेछ ।

११. **<u>सम्पर्क र समन्वय गर्ने</u>** : सहायक नाम दर्ता अधिकारीले नाम सङ्कलन तथा अद्यावधिक गर्ने तयारीको सम्बन्धमा देहायका कार्य गर्नु पर्नेछ :-

- सङ्कलनकर्ताहरु नाम वा अन्य विवरण संकलन गर्न जानु अगावै सहयोग समितिको बैठक आफ्नो कार्यालयमा राखी मतदाता नामावली संकलन तथा अद्यावधिक कार्यक्रम बारे जानकारी गराई एक/एक प्रति कार्यक्रम सहयोग समितिका सदस्यहरुलाई दिने ।
- कार्यक्रम सफल पार्नको लागि आवश्यक वातावरण बनाउन राजनैतिक दल, नागरिक समाज र गैर सरकारी संघ संस्थाहरुसंग सम्पर्क र समन्वय गर्ने ।
- सङ्कलनकर्ताहरुको माध्यमबाट टोल टोलमा हुने मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यको व्यापक प्रचार प्रसार गरिदिन सहयोग समिति, सामाजिक संघसंस्थाका प्रतिनिधिहरु, नागरिक समाज समेतलाई अनुरोध गर्ने ।
- कारणवस सङ्कलनकर्तालाई विवरण उपलब्ध गराउन नसकेका मतदाताहरुको लागि कार्यक्रममा उल्लेख भए बमोजिम सहायक नामदर्ता अधिकारीको कार्यालयमा सम्पर्क गरी दरखास्त दिन सकिने कुराको वारेमा सहयोग समिति, सामाजिक संघसंस्थाका प्रतिनिधिहरु, नागरिक समाज तथा मतदाता समेतलाई जानकारी गराउने ।
- परिवार तथा छिमेकमा मतदाता नामावलीमा नाम समावेश गराउनु पर्ने वा मतदाता नामावलीबाट नाम हटाउनु पर्ने कुनै व्यक्ति भए निजहरुको नाम तथा विवरण सङ्कलनकर्ताहरुलाई उपलब्ध गराउनु पर्ने कुराको जानकारी मतदातालाई गराउने ।

१२. **<u>कार्यक्रम टाँस गर्नु पर्ने</u>** : (१) सहायक नाम दर्ता अधिकारीले आयोगले तोकेको दिन र समयमा आफ्नो कार्यालयमा अनुसूची- १ बमोजिमको कार्यक्रम टाँस गर्नु पर्नेछ ।

(२) सहायक नाम दर्ता अधिकारीले कार्यक्रम टाँस भए पछि सम्बन्धित गाउँ विकास समिति वा नगरपालिका वडाको तत्काल कायम रहेको मतदाता नामावली सम्बन्धित सवैले हेर्न पाउने गरी प्रकाशन गर्नु पर्नेछ ।

(३) सहायक नाम दर्ता अधिकारीले कार्यक्रम टाँस भएको बोधार्थ प्रमुख नामदर्ता अधिकारीको कार्यालयलाई पठाउनु पर्नेछ ।

(४) सहायक नाम दर्ता अधिकारीले कार्यक्रम टाँस भएको सूचनाको एक-एक प्रति सहयोग समितिका सदस्यलाई समेत दिनु पर्नेछ ।

(५) सहायक नाम दर्ता अधिकारीले कार्यक्रम टाँस भएको मुचुल्का **अनुसूची-** २ बमोजिमको ढाँचामा तयार गरी राख्नु पर्नेछ ।

## परिच्छेद - ५

## मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्ने

१३. <u>मतदाता नामावली सङ्कलन</u> : मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यक्रम बमोजिम आयोगले तोकेको मितिभित्र सहायक नाम दर्ता अधिकारीले संकलनकर्ता मार्फत देहाय बमोजिम विवरणहरु संङ्कलन गर्ने गराउने छ :-

- मतदाता नामावलीमा नाम समावेश गर्ने विवरण (अनुसूची- ३ को फाराममा)
- मतदाता नामावलीबाट नाम हटाउने विवरण (अनुसूची- ४ को फाराममा )
- मतदाता नामावलीमा त्रुटि सच्याउने विवरण (अनुसूची- ५ को फाराममा)
- दोहोरो नाम हटाउने विवरण (अनुसूची- ६ को फाराममा)

१४. <u>अनुसूची फाराम भर्ने/भराउने तरिका</u> : (१) **अनुसूची-** ३,४, ५ र ६ बमोजिमका फारामहरु वडागत रुपमा भर्नु पर्दछ । तसर्थ यसमा अटाउने जति व्यक्तिहरुको नाम, विवरण क्रमशः संकलन गर्दै जानु पर्दछ ।

(२) तत्काल कायम रहेको मतदाता नामावलीमा नाम नरहेका तर देहाय बमोजिम मतदाता हुने योग्यता पुगेका व्यक्तिहरुको नाम तथा अन्य विवरण मतदाता नामावलीमा समावेश गर्न अनुसूची- ३ बमोजिमको ढाँचामा सङ्कलन गर्नु पर्नेछ ।

**मतदाता नामावलीमा नाम समावेश हुन चाहिने योग्यता :**

- नेपाली नागरिक भएको,
- २०६३ मंसिर मसान्तसम्ममा १८ वर्ष उमेर पूरा भएको,

  *(२०४५ पौष १ गते वा सोभन्दा पहिले जन्मेको)*
- सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको वडामा स्थायी बसोबास भएको ।

(३) मतदाता नामावलीमा नाम समावेश गर्नको लागि विवाह भै आएका, वसाइ सरी आएका, व्यक्तिहरुको नाम र विवरण समेत सोही अनुसूची- ३ मा सङ्कलन गर्नु पर्नेछ ।

(४) तत्काल कायम रहेको मतदाता नामावलीमा नाम भएकाहरुको नाम पुनः संकलन गर्नु पर्दैन तर निजहरुको नाम तथा विवरणमा कुनै त्रुटि भएको वा दोहोरो नाम परेको रहेछ भने सम्बन्धित अनुसूची फारामहरुमा विवरण संकलन गर्नु पर्नेछ ।

(५) नाम विवरण संकलन गर्दा फारामका सम्पूर्ण महल भर्नु पर्नेछ ।

(६) कुनै घर परिवारमा थप नाम समावेश गर्दा सम्बन्धित मतदाता कुन वडाको कुन टोलको कति नं. घर एवं कति नं. को परिवारमा थप भएको हो त्यसको पूरै विवरण प्रष्ट रुपमा भर्नु पर्नेछ ।

(७) नाम सङ्कलन गर्दा दोहोरो पर्न सक्ने सम्भावनालाई ध्यान दिएर सम्बन्धित व्यक्ति वा परिवारको अन्य कुनै स्थानमा नाम समावेश छ, छैन यकिन गरी अन्यत्र नभएमात्र नाम संकलन गर्नु पर्नेछ ।

(८) गाउँ विकास समिति वा नगरपालिकाको एकै वडामा एक भन्दा वढी मतदानकेन्द्र रहेकोमा त्यस्तो वडाको मतदाता नामावली संकलन गर्दा कुनै एक मतदानकेन्द्रमा पर्ने गाउँ टोलको क्रम मिलाई सकेपछि मात्र अर्को मतदान केन्द्रको गाउँ टोलको क्रम मिलाउनु पर्नेछ ।

(९) अनुसूची फारामहरु भर्दा भराउँदा संकलनकर्ता तथा सहायक नामदर्ता अधिकारीले सही वा दस्तखत गर्नु पर्ने ठाउँमा दस्तखत गर्न गराउन छुटाउनु हुदैन ।

**१५. प्रमाणहरु हेर्ने** : (१) सहायक नाम दर्ता अधिकारीले मतदाता नामावलीमा नाम समावेश गर्न दरखास्त दिने व्यक्तिको पहिचानका लागि आवश्यक भएमा देहायका प्रमाणहरुलाई आधार लिनु पर्नेछ :-

- स्थायी बसोबासका सम्बन्धमा विवरण दिने व्यक्तिसंग वासस्थान खुलेको नागरिकताको प्रमाणपत्र वा निज वा निजको सगोलको परिवारको सदस्यको नाममा रहेको जग्गाधनी प्रमाणपूर्जा वा सरकारी कार्यालय वा स्थानीय निकाय वा सरकारी स्वामित्व भएको संस्थाबाट जारी भएको परिचयपत्र वा गाउँ विकास समिति वा नगरपालिकाको सिफारिस वा बसाइ सरी आएको वा विवाह भै आएको प्रमाण,
- जन्ममिति वा उमेरको सम्बन्धमा नागरिकता प्रमाणपत्र वा शिक्षण संस्थाद्वारा जारी प्रमाणपत्र वा जन्म दर्ता प्रमाणपत्र वा गाउँ विकास समिति वा नगरपालिकाले उमेर खुलाई गरि दिएको सिफारिस पत्र,

(२) उपदफा (१) बमोजिमको प्रमाणको जाँचबुझ गर्दा मतदाता बन्न योग्यता पुगेको भएमा मात्र मतदाता नामावलीमा नाम समावेश गर्नु पर्नेछ ।

(३) प्रमाण पेश गर्न नसक्ने वा प्रमाण पेश भएर पनि जाँचबुझ गर्दा योग्यता पुगेको नदेखिएमा त्यस्तो व्यक्तिको नाम मतदाता नामावलीमा समावेश गर्नु हुँदैन ।

१६ **<u>घर र परिवार नं. कायम गर्दा ध्यान दिनुपर्ने कुराहरु</u>** : सहायक नाम दर्ता अधिकारीले घर र परिवार नं. कायम गर्दा गराउँदा देहायको कुरामा ध्यान दिनु पर्नेछ :-

- नयाँ घर परिवार समावेश गर्दा सम्बन्धित व्यक्तिको गाउँ, वडा, घर नं. र परिवार संख्या स्पष्ट रुपमा उल्लेख गर्ने ।

- पहिलेदेखि नै कायम भएका घर परिवारमा नै कुनै व्यक्तिको नाम थप गर्दा सोही घर नम्बर उल्लेख गरी सोही परिवारको क्रममा मिलाउने ।

<u>उदाहरणको लागि</u> घर नं. १, २, ३ क्रमशः मिलाएर लेख्नु पर्ने । परिवार संख्या (प.सं.) महलमा एउटा घरमा एउटा मात्र परिवार भए प.सं. १, र एक भन्दा बढी परिवार भए जति परिवार संख्या छन् त्यतिनै अंक क्रमशः बढाउँदै लग्नुपर्ने । जस्तै एउटा घरमा ३ वटा छुट्टा छुट्टै परिवार बसेको भए पहिलो परिवारको लागि १, दोश्रो परिवारको लागि २ तेश्रो परिवारको लागि ३ आदि ।

- कुनै एक घर परिवारमा कायम भएको मतदाताहरु मध्ये कोही छुट्टी भिन्न भई तत्काल कायम रहेको मतदाता नामावलीमा नाम रहेकै वडाभित्र वेग्लै घर बनाई बसेको भए हाल निज जुन ठाउँमा घर बनाई बसेको हो सोही ठाउँको घर नं. को कममा मिल्ने गरी अर्को घर परिवार नं. कायम गर्नु पर्दछ । त्यसको लागि वेग्लै फाराम नभरी निजको नाम भएको तत्काल कायम रहेको नामावलीमा नै निजको घर नं. र परिवार नं. सच्याई कैफियत महलमा सोको कारण जनाई सहीछाप गर्नु पर्दछ । तर मानो वा भान्सा मात्र छुट्टिई सोही घरमा बसेको भए घर नं. त्यही कायम राखी परिवार नं. मात्र सच्याए पुग्दछ ।

- एकै घरमा विभिन्न जात, थरका परिवार बसेको पाइएमा घर नं. एउटै कायम गरी परिवार संख्या भने छुट्टा छुट्टै जनिने गरी लेख्नुपर्छ ।

- घर नं. मा क, ख, ग जस्ता अक्षर लेखिएको छ भने त्यस्तो वडाको सबै घरमा नाम थप गर्दा अक्षर पनि लेख्नुपर्छ । अक्षर नभई नम्बर मात्र छ भने सो घरमा नाम थप गर्दा नम्बर मात्र लेख्नुपर्छ ।

- कुनै घरहरुको बीचमा नयाँ घर थपिएको रहेछ भने नामावलीमा थपिएको नयाँ घरको नम्बर कायम गर्दा जुन घरको क्रमपछि थपिएको हो त्यो घरको नम्वर पछि क्रमशः -१, -२ गरी ड्यास र नम्बर राखी घर नं. दिंदै जानुपर्छ ।

<u>उदाहरणका लागि</u> यदि पहिले कायम भएको घर नं. १० र ११ को बीचमा नयाँ दुईवटा घर थपिएमा त्यस्ता घरलाई नम्बर दिंदा यदि घर नम्वरमा अक्षर समेत रहेछ भने क.१०-१, क.१०-२ र अक्षर नभई अंकमात्र भएको घर नम्वर रहेछ भने १०-१ र १०-२ दिनुपर्छ ।

- यदि पहिले कायम भएका कुनै नयाँ घर १०-१ र १०-२ को बीचमा पनि पुनः अर्को नयाँ घर बनेको रहेछ भने पुनः शुरुदेखि क्रमशः घरको क्रम अनुसार मिलाई लेख्दै जानुपर्छ । जस्तै : १०–१ र १०–२ को बीचमा बनेको नयाँ घरलाई १०-२ नम्वर दिने र साविकको १०-२ लाई १०-३, १०–३ लाई १०-४ गर्दै क्रमशः लेख्ने ।

१७. <u>मतदाता नामावलीबाट नाम हटाउने</u> : (१) मतदाता नामावलीमा नाम रहेको कुनै परिवारको कुनै सदस्यको मृत्यु भएको वा स्थायी रुपमा बसाई सरी वा विवाह भई अन्यत्र गएको वा मतदाता हुने योग्यता नभएको वा दोहोरो नाम भएको भनी नाम हटाउनको लागि मतदाता वा परिवारको सदस्यले जानकारी गराएमा सहायक नाम दर्ता अधिकारीले सो को विवरण अनुसूची- ४ को ढाँचामा सङ्कलन गर्नु/गराउनु पर्दछ । त्यस्तो विवरण उपलब्ध गराउने मतदाता/परिवारको सदस्यको महलमा विवरण उपलब्ध गराउनेको नामथर लेखी सही गराउनु पर्दछ ।

(२) अनुसूची- ४ मा हटाउनु पर्ने मतदाताहरुको नाम उल्लेख गर्दा वडा पिच्छे अलग अलग रुपमा भर्नुपर्छ ।

(३) सङ्कलनकर्ताबाट अनुसूची - ४ अनुसारको विवरण प्राप्त भएपछि सहायक नामदर्ता अधिकारीले सङ्कलन भए बमोजिमका हटाउनुपर्ने नामहरु तत्काल कायम रहेको मतदाता नामावलीमा बुझिने गरी काटी सोको कारण कैफियतमा उल्लेख गरी काटेको प्रत्येक ठाउंमा आफ्नो दस्तखत समेत गर्नु पर्दछ ।

१८. <u>व्यक्तिगत घटना दर्ताको प्रमाणका आधारमा समेत नाम हटाउने</u> : (१) मतदाताको नाम हटाउन अनुसूची- ४ बमोजिम प्राप्त भएको विवरणका अतिरिक्त देहायको अवस्थामा समेत मतदाता नामावलीमा नाम रहेको त्यस्तो मतदाताको नाम सहायक नामदर्ता अधिकारीले तत्काल कायम रहेको मतदाता नामावलीबाट नाम हटाउने निर्णय गरी हटाउनु पर्नेछ ।

- मतदाता नामावलीमा नाम रहेको कुनै व्यक्तिको मृत्यु भएको भनी स्थानीय पंजिकाधिकारीको कार्यालयमा निवेदन परी मृत्यु दर्ता गराएकोमा,
- स्थायी रुपमा बसाइ सराई गरी गएको प्रमाणपत्र स्थानीय पंजिकाधिकारीको कार्यालयबाट प्रदान गरेकोमा,

(२) दफा (१) बमोजिम नाम हटाउने विवरण संकलन गर्दा पञ्जिकाधिकारीको कार्यालयमा रहेको अभिलेखको आधारमा त्यस्तो प्रमाणपत्र लिएको मिति र दर्ता वा चलानी नं. समेत उल्लेख गर्नु पर्नेछ ।

१९. <u>मतदाता नामावलीमा त्रुटि सच्याउने</u> : (१) मतदाता नामावलीमा रहेको आफ्नो र आफ्नो परिवारको सदस्यको कुनै विवरणमा मतदाताको नाम थर, लिङ्ग, जन्म मिति, गाउँ/टोल, घर नं., आदिमा त्रुटि भएकोमा सो सच्याउन चाहेमा संकलनकर्ताले अनुसूची- ५ भरी विवरण दिने व्यक्तिको नामथर समेत लेखी सही गराउनु पर्नेछ ।

(२) सङ्कलनकर्ताबाट अनुसूची- ५ बमोजिमको विवरण प्राप्त भएपछि सहायक नामदर्ता अधिकारीले सच्याउनु पर्ने नाम, विवरणहरु तत्काल कायम रहेको मतदाता नामावलीमा बुझिने गरी सच्याई दस्तखत समेत गर्नु पर्नेछ ।

(३) नयाँ संकलित मतदाताहरुको विवरण सच्याउने कार्यका लागि समेत सोही अनुसूची- ५ भर्नु पर्नेछ ।

(४) अनुसूची- ५ वडागत रुपमा अलग अलग तयार गर्नु पर्नेछ ।

२०. <u>अद्यावधिक मतदाता नामावली प्रकाशन गर्ने</u> : (१) संकलनकर्ताले अनुसूची- ३, ४, ५ र ६ बमोजिम संकलन गरेको विवरणका आधारमा सहायक नाम दर्ता अधिकारीले अनुसूची- ७ को ढाँचामा २ प्रति मतदाता नामावली तयार गरी त्यसरी तयार भएको १ प्रति मतदाता नामावली र तत्काल कायम रहेको मतदाता नामावली समावेश गरी अद्यावधिक मतदाता नामावली अनुसूची- ८ बमोजिमको सूचनासाथ आयोगले तोकेको मितिमा प्रकाशन गर्नु पर्नेछ ।

(२) सहायक नाम दर्ता अधिकारीले अद्यावधिक मतदाता नामावलीमा नाम समावेश हुन छुट भएको भए समावेश गर्न, हटाउनु पर्ने भए हटाउन र नाम, विवरणमा कुनै त्रुटि रहेको भए सो सच्याउन आयोगले तोकेको अवधिमा दरखास्त दिन सकिने कुराको समेत जानकारी गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम जानकारी दिएको मुचुल्का अनुसूची- २ को ढाँचामा तयार गर्नु पर्नेछ ।

२१. <u>छुट मतदाताको दरखास्त लिने</u> : संकलनकर्ता मार्फत नामावली तथा विवरण संकलनगर्दा विभिन्न कारणले नाम संकलन हुन छुट भएका मतदाताहरुले नाम समावेश गर्न आयोगले तोकेको समयावधिभित्र दरखास्त दिन आएमा नाम समावेश गर्ने प्रयोजनको लागि आवश्यक पर्ने प्रमाण समेत समावेश गरी अनुसूची-३ बमोजिमको फाराम भराउनु पर्नेछ ।

२२. <u>मतदाता नामावलीबाट नाम हटाउने</u> : अद्यावधिक मतदाता नामावलीमा नाम समावेश भएको कुनै मतदाताको नाम मतदाता नामावलीबाट हटाउन आयोगले तोकेको समय अवधिभित्र मतदाता वा सगोलको परिवारको सदस्यले दरखास्त दिन आएमा सहायक नामदर्ता अधिकारीले अनुसूची- ४ बमोजिमको फाराम भराई मतदाता नामावलीमा रहेको निजको नाम बुझिने गरी काटी हटाई कैफियतमा कारणसमेत खुलाई काटेको ठाउँमा सही गर्नुपर्नेछ ।

२३. <u>मतदाता नामावलीमा भएको नाम विवरण सच्याउने</u> : अद्यावधिक मतदाता नामावलीमा नाम समावेश भएको कुनै मतदाताको नाम तथा अन्य विवरणमा कुनै त्रुटि भए सो सच्याउन सम्बन्धित मतदाता वा सगोलको परिवारको सदस्यले आयेगले तोकेको समय अवधिभित्र सहायक नामदर्ता अधिकारीको कार्यालयमा सम्पर्क राख्न आएमा अनुसूची- ५ बमोजिमको विवरण भराई सहायक नामदर्ता अधिकारीले मतदाता नामावलीमा रहेको निजको नाम, विवरण सच्याई सही समेत गर्नु पर्नेछ ।

२४. <u>संशोधित मतदाता नामावली प्रकाशन गर्ने</u> : (१) छुट नाम समावेश गर्ने, नाम हटाउने र नाम विवरण सच्याउने प्राप्त दरखास्तको आधारमा सहायक नाम दर्ता अधिकारीले अनुसूची- ७ को ढाँचामा २ प्रति मतदाता नामावली तयार गरी त्यसरी तयार भएको १ प्रति मतदाता नामावली र अद्यावधिक मतदाता नामावली समावेश गरी संशोधित मतदाता

नामावली आयोगले तोकेको मितिमा अनुसूची- ८ बमोजिमको सूचनासाथ प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम संशोधित मतदाता नामावली प्रकाशन गरेको मुचुल्का अनुसूची- २ को ढाँचामा तयार गर्नु पर्नेछ ।

२५. संशोधित मतदाता नामावलीको विरोधमा दिएको दरखास्त लिने : दफा (२३) बमोजिम प्रकाशित संशोधित मतदाता नामावलीमा नाम रहेको कुनै मतदाताको नाम मतदाता नामावलीमा समावेश हुन नसक्ने भनी सोही निर्वाचन क्षेत्रको सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडाका कुनै मतदाताले कारण सहित आयोगले निर्धारण गरेको समय अवधिमा दावी विरोध गर्न आएमा सहायक नाम दर्ता अधिकारीले निजबाट अनुसूची- ९ को ढाँचामा दरखास्त लिनु पर्दछ ।

२६. मतदातालाई आफ्नो भनाई पेश गर्न आउने सूचना प्रकाशन गर्ने : संशोधित मतदाता नामावलीमा नाम भएको कुनै मतदाताको नाम मतदाता नामावलीमा समावेश हुन नसक्ने भनी दावी विरोध पर्न आएमा त्यसरी दावी विरोध पर्न आएका मतदातालाई मतदाता नामावलीबाट आफ्नो नाम हट्नु नपर्ने कुनै कारण र प्रमाण भए सो सहित आयोगले तोकेको समय अवधिभित्र सहायक नामदर्ता अधिकारीको कार्यालमा सम्पर्क राख्न आउन अनुसूची- १० बमोजिमको सूचना तयार गरी १ प्रति सूचना आफ्नो कार्यालयमा टाँस गर्नु पर्नेछ ।

(२) सहायक नाम दर्ता अधिकारीले उपदफा (१) बमोजिम सूचना प्रकाशन गरेको मुचुल्का अनुसूची- २ बमोजिमको ढाँचामा तयार गर्नु पर्नेछ ।

२७. दावी विरोध गरी दिएको दरखास्त उपर जाँचबुझ गरी निर्णय गर्ने : (१) संशोधित मतदाता नामावली प्रकाशन भए पछि पर्न आएका दावी विरोध उपर जाँचवुझ गरी अनुसूची- ११ बमोजिम निर्णय गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम गरेको निर्णयको कारणले नामावलीबाट नाम हटाइएका व्यक्तिको सूची अनुसूची- १२ बमोजिमको ढाँचामा तयार गरी प्रकाशन गर्नु पर्नेछ ।

(३) सहायक नाम दर्ता अधिकारीले उपदफा (२) बमोजिम सूचना प्रकाशन गरेको मुचुल्का अनुसूची- २ बमोजिमको ढाँचामा तयार गर्नु पर्नेछ ।

२८. दोहोरो नाम हटाउने : (१) कुनै मतदाताको नाम सम्बन्धित गा.वि.स. वा न.पा. को वडाभित्र दोहोरो परेको भनी अनुसूची- ६ बमोजिमको ढाँचामा बुझी निजको नाम निजले रोजेको एक स्थानमा मात्र कायम राखी अन्यत्रबाट हटाउनु पर्नेछ ।

(२) कुनै मतदाताको नाम सम्बन्धित गाउँ विकास समिति वा नगरपालिका वडामा बाहेक सोही जिल्लाको अन्य कुनै गा.वि.स. वा न.पा.वडामा वा अन्य कुनै जिल्लामा समेत रहेको निवेदन सम्वन्धित मतदाता वा परिवारको सदस्यबाट सहायक नामदर्ता अधिकारीलाई प्राप्त भएमा निज मतदाताको इच्छा बमोजिम सहायक नामदर्ता अधिकारीले आफू खटिएको गाउँ विकास समिति वा नगरपालिका वडामा नाम कायम गर्नु पर्ने भएमा सो बमोजिम गरी अर्को गाउँ विकास समिति वा नगरपालिकाको वडामा वा अर्को कुनै जिल्लामा रहेको नाम हटाउनको लागि प्रमुख नामदर्ता अधिकारीलाई लिखित जानकारी गराउनु पर्नेछ ।

२९. <u>अन्तिम मतदाता नामावली तयार गरी प्रकाशनको लागि पठाउने</u> : (१) सहायक नाम दर्ता अधिकारीले संशोधित मतदाता नामावली उपर पर्न आएका दावी विरोधको छानवीन पछि नामावलीमा कायम रहेका मतदाताहरुको नाम र अन्य विवरण **अनुसूची-** ७ को ढाँचामा २ प्रति तयार गरी १ प्रति नामावली **अन्तिम मतदाता नामावली प्रकाशनका लागि** आयोगले तोकेको मितिमा प्रमुख नामदर्ता अधिकारीको कार्यालयमा पठाउनु पर्नेछ ।

(२) **सहायक नाम दर्ता अधिकारीले अन्तिम मतदाता नामावली प्रकाशनका लागि** पठाइको सूचना आफ्नो कार्यालयमा प्रकाशन गरी अनुसुची- २ बमोजिमको ढाँचामा मुचुल्का गराउनु पर्दछ ।

(३) सहायक नाम दर्ता अधिकारीले अन्तिम मतदाता नामावली प्रकाशनका लागि तयार गरी पठाएको मतदाता नामावली आफ्नो कार्यालयमा आई हेर्न चाहने मतदाता/व्यक्तिका लागि उपलब्ध गराउनु पर्दछ ।

(४) सहायक नाम दर्ता अधिकारीले अन्तिम मतदाता नामावली प्रकाशनका लागि तयार गरी प्रमुख नामदर्ता अधिकारी कहाँ पठाउँदा संकलनकर्ताले विवरण संकलन गर्दा भरेका र सहायक नामदर्ता अधिकारीले दरखास्त लिदा भरिएका अनुसूची- ३, ४, ५ र ६ बमोजिमका सवै फारामहरुको एक/एक प्रति समेत संलग्न गरी पठाउनु पर्नेछ ।

## परिच्छेद - ६

## <u>सङ्कलनकर्ताहरुको कार्यको अनुगमन</u>

३०. <u>सङ्कलनकर्ताको कार्यको अनुगमन गर्ने</u> : मतदाता नामावली सङ्कलन र अद्यावधिक गर्दा सहायक नामदर्ता अधिकारीले नाम विवरण सङ्कलन कार्यमा संलग्न रहने सङ्कलनकर्ताको कार्यको देहायका कुराहरुमा ध्यान दिई निरन्तर अनुगमन गर्नु पर्नेछ :-

- सङ्कलनकर्ताहरु खटाइएको वडाका गाउँ वा नगर क्षेत्रका टोल टोलमा मतदाता बन्न योग्यता पुगेका व्यक्तिहरुको नाम संकलन गर्न पुगे वा नपुगेको,
- स्थायी रुपमा बसोवास गरेका, मतदाता हुने योग्यता पुगेका व्यक्तिहरुको नाम संकलन हुन सके वा नसकेको,
- विवाह, मृत्यु, वसाई सराइ, योग्यता गुमाएको, दोहोरो नाम रहेको आदिको कारणले हटाइनुपर्ने नाम, विवरण संकलन गरे वा नगरेको,
- मतदाता नामावलीमा रहेको त्रुटि सच्याउने विवरण संकलन गरे वा नगरेको,
- संकलनकर्ताले प्रयोग गर्ने सबै अनुसूचीहरु (अनुसूची - ३, ४, ५ र ६) १/१ प्रतिका दरले ठीक ढंगले भरे/नभरेको, विवरण उपलब्ध गराउनेको सही गराए वा नगराएको,
- सङ्कलनकर्ताले विवरण सङ्कलन गरेको प्रत्येक पानामा अनिवार्य रुपमा सही गरे नगरेको,
- सङ्कलनकर्ताहरुलाई राजनैतिक दल,नागरिक समाज, सहयोग समिति तथा मतदाताबाट सहयोग भए नभएको,
- नाम विवरण सङ्कलनको क्रममा कुनै समस्या परे वा नपरेको,

३१. **<u>मतदाता नामावली सङ्कलनका क्रममा विशेष ध्यान दिनु पर्ने कुराहरु</u>** : मतदाता नामावली सङ्कलनका क्रममा सहायक नाम दर्ता अधिकारीले देहायको कुरामा विशेष ध्यान दिनु पर्नेछ :-

- मतदाता बन्न योग्य व्यक्तिहरुको नाम संकलन हुन छूट हुन नदिने विषयमा,
- एउटै मतदाताको नाम एकभन्दा बढी वडा वा एउटै वडामा पनि दोहोरो पर्न नदिने विषयमा,
- नामावलीको टोल र घर नं. हरुको क्रम मिले वा नमिलेको विषयमा,
- मतदानकेन्द्र छुट्याउन सजिलो हुने किसिमले नामावली मिले वा नमिलेको विषयमा,
- नाम हटाइएका मतदाताहरुको नाम र विवरण सच्याइएका मतदाताहरुको नाम, विवरण तत्काल कायम रहेको मतदाता नामालवीमा समेत हटाइएको वा नहटाइएको र सच्याइएको वा नसच्याइएको विषयमा ।

३२. **<u>प्रमुख नामदर्ता अधिकारी समक्ष मतदाता नामावली पठाउँदा ध्यान दिनुपर्ने कुराहरु</u>** : सहायक नाम दर्ता अधिकारीले प्रमुख नाम दर्ता अधिकारी समक्ष मतदाता नामावली पठाउँदा देहायका कुराहरुमा ध्यान दिनु पर्नेछ :-

- केरमेट वा सच्याइएको हरेक विवरणमा दस्तखत भएको छ वा छैन,
- तयार गरिएका प्रत्येक पानामा सही गरी कार्यालयको छाप समेत लगाएको छ छैन ।
- अनुसूची- ३, ४, ५ र ६ बमोजिम भरिएका सबै फारामहरुका एक/एकप्रति संलग्न गरिएको छ वा छैन,
- महिला र पुरुषको छुट्टा छुट्टै विवरण खुल्ने गरी भरिएको मतदाता नामावली संकलन तथा अद्यावधिक सम्बन्धी तथ्यांक विवरण फाराम संलग्न छ वा छैन,

## परिच्छेद - ७

## <u>विविध</u>

३३. **<u>दर्ता, चलानी र भरपाई सम्बन्धमा</u>** : (१) सहायक नाम दर्ता अधिकारीले मतदाता नामावली सङ्कलन तथा अद्यावधिक सम्बन्धी सबै चिठी पत्रहरु र सङ्कलित अनुसूचीहरु अनुसूची- १९ मा अनिवार्य रुपमा दर्ता गर्नु पर्नेछ । सङ्कलनकर्ताले सङ्कलन गरेका अनुसूचीहरु दर्ता गर्दा वडागत रुपमा दर्ता गर्नु पर्नेछ । उदाहरणका लागि कुनै अनुसूची फारामहरुको दर्ता गर्दा क्र.सं. .........देखि ...........सम्मका मतदाताको विवरण रहेको अनुसूची नं.....को पाना संख्या .....भन्ने जनाई एकमुष्ठ दर्ता गर्नु पर्नेछ ।

(२) सहायक नामदर्ता अधिकारीको कार्यालयमा प्राप्त हुने विवरण समावेश गर्ने अनुसूची फारामहरु समेत वडागत रुपमै भरी दर्ता गर्नु पर्नेछ ।

(३) सहायक नाम दर्ता अधिकारीले मतदाता नामावली सङ्कलन तथा अद्यावधिक सम्बन्धी सवै चिठी पत्रहरु अनुसूची- २० बमोजिम चलानी गर्नु पर्नेछ ।

(४) कुनै मतदाताले नाम संकलनकर्तालाई आफूले उपलब्ध गराएको विवरणको भरपाई माग गरेमा सङ्कलनकर्ताले छुट्टै कागजमा सम्बन्धित फाराममा रहेको निजको क्रमसंख्या उल्लेख गरी सही गरी दिन सक्नेछ ।

३४. **कारबाहीको लागि लेखी पठाउनु पर्ने** : मतदाता नामावली सङ्कलन, अद्यावधिक सम्बन्धी कार्यमा खटिएका कर्मचारीहरुले एकपक्षीय वा कुनै खास दल वा व्यक्तिको दवाव वा मोलाहिजाको आधारमा मतदाताको नाम विवरण सङ्कलन गर्ने, हटाउने वा अद्यावधिक गर्ने काम गर्नु हुँदैन । यस्तो गरे गराएमा सो कार्य गैर कानूनी हुन्छ । यस्तो गैर कानूनी कार्य गर्ने वा तोकिएका काम, कर्तव्य र जिम्मेवारीलाई इमान्दारीपूर्वक पूरा नगर्ने कर्मचारीलाई प्रचलित कानुन बमोजिम विभागीय कारबाही गर्न ऐन बमोजिम लेखी पठाउनु पर्नेछ ।

३५. **कागजात सुरक्षित राख्ने** : (१) सहायक नामदर्ता अधिकारीले मतदाता नामावली संकलन तथा अद्यावधिक कार्यक्रम अनुसार संकलन गरे गराएका वा प्राप्त गरेका सम्पूर्ण कागजातहरु सुरक्षित रुपमा राख्नुका साथै मतदाता नामावली सम्वन्धी ऐन, नियम र यस निर्देशिका बमोजिम सम्बन्धित अधिकारीलाई बुझाउनु पर्नेमा सो समेत गर्नु पर्नेछ ।

(२) सहायक नामदर्ता अधिकारीको लापरवाहीको कारण प्रचलित कानून बमोजिम सुरक्षित राख्नु पर्ने कागजातहरु नासिएमा, च्यातिएमा वा हराएमा सो को जिम्मेवारी र जवाफदेहिता सहायक नामदर्ता अधिकारीले निर्वाह गर्नु पर्नेछ ।

# अनुसूची फारामहरु र यसको प्रयोग

| अनुसूची नं | विषय | प्रयोग गर्ने कार्यालय |
|---|---|---|
| १ | मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यक्रम टाँस गरिएको सूचना | *प्रमुख*/सहायक नामदर्ता अधिकारीको कार्यालय |
| २. | मुचुल्का फाराम | *प्रमुख*/सहायक नामदर्ता अधिकारीको कार्यालय |
| ३. | मतदाता नामावलीमा नाम समावेश गर्ने विवरण संकलन/दरखास्त फाराम | सहायक नामदर्ता अधिकारीको कार्यालय |
| ४. | मतदाता नामावलीवाट नाम हटाउने विवरण सकंलन /सूचना फाराम | सहायक नामदर्ता अधिकारीको कार्यालय |
| ५. | मतदाता नामावलीमा त्रुटि सच्याउने विवरण संकलन/दरखास्त फाराम | सहायक नामदर्ता अधिकारीको कार्यालय |
| ६. | दोहोरो नाम हटाउने सम्वन्धी निवेदन | निर्वाचन आयोग /प्रमुख/सहायक नामदर्ता अधिकारीको कार्यालय |
| ७. | अद्यावधिक/संशोधित/अन्तिम मतदाता नामावली फाराम | *प्रमुख*/सहायक नामदर्ता अधिकारीको कार्यालय |
| ८. | अद्यावधिक मतदाता नामावली/संशोधित मतदाता नामावली /अन्तिम मतदाता नामावली प्रकाशित गरिएको सूचना | *प्रमुख*/सहायक नामदर्ता अधिकारीको कार्यालय |
| ९. | मतदाताको दावी विरोधको दरखास्त फाराम | *प्रमुख*/सहायक नामदर्ता अधिकारीको कार्यालय |
| १०. | मतदातालाई भनाई पेश गर्न आउने सूचना | *प्रमुख*/सहायक नामदर्ता अधिकारीको कार्यालय |
| ११. | मतदाता नामावलीवाट नाम हटाउन गरिएको निर्णय | *प्रमुख*/सहायक नामदर्ता अधिकारीको कार्यालय |
| १२. | मतदाता नामावलीबाट नाम हटाइएको सूचना | *प्रमुख*/सहायक नामदर्ता अधिकारीको कार्यालय |
| १३. | अन्तिम मतदाता नामावली प्रकाशित भएपछि नागरिकता प्राप्त गरेकाहरुले मतदाता नामावलीमा नाम समावेश गर्न दिने निवेदन | प्रमुख नामदर्ता अधिकारीको कार्यालय |
| १४. | अस्थायी मतदाताको विवरण सङ्कलन गर्ने दरखास्त फाराम | प्रमुख नामदर्ता अधिकारीको कार्यालय |
| १५. | अस्थायी मतदाता नामावली/संशोधित अस्थायी मतदाता नामावली/अन्तिम अस्थायी मतदाता नामावली | प्रमुख नामदर्ता अधिकारीको कार्यालय |
| १६. | अस्थायी मतदाता नामावलीमा छुट नाम समावेश गर्न / मतदाताको दावी विरोध गरी दिएको दरखास्त फाराम | प्रमुख नामदर्ता अधिकारीको कार्यालय |
| १७. | अस्थायी मतदातालाई भनाई पेश गर्न आउने सूचना | प्रमुख नामदर्ता अधिकारीको कार्यालय |
| १८. | अस्थायी मतदाता नामावलीवाट नाम हटाउन गरिएको निर्णयको सूचना | प्रमुख नामदर्ता अधिकारीको कार्यालय |
| १९. | दर्ता किताव | प्रमुख / सहायक नामदर्ता अधिकारीको कार्यालय |
| २०. | चलानी किताव | प्रमुख / सहायक नामदर्ता अधिकारीको कार्यालय |

## निर्वाचन आयोग

जिल्ला :
निर्वाचन क्षेत्र नं. :...
गा.वि.स./न.पा.: ...

# तथ्याङ्क उपलब्ध गराउने नमूना फाराम

### (मतदाता नामावली संकलन तथा अद्यावधिक सम्बन्धी तथ्यांक विवरण)

| वडा नं. | साविक मतदाता संख्या | थप भएका मतदाताको संख्या | | | | | | | | | | हटेका मतदाताको संख्या | | | | | | | | | | अब कायम हुने मतदाता संख्या | विवरण सच्याइएको मतलाताको संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | उमेर पुगेका | | बसाई-सराई | | विवाह | | अन्य | | जम्मा | | मृत्यु | | बसाई-सराई | | विवाह | | अन्य | | जम्मा | | | पुरुष | महिला | जम्मा |
| | | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | |

१. यो फाराम प्रत्येक सहायक नामदर्ता अधिकारीले आफू खटिएको गा.वि.स./न.पा. वडाको लागि २ प्रतिका दरले भरी बुझाउनु पर्नेछ।

२. सहायक नामदर्ता अधिकारीले बुझाएको फाराम प्रमुख नामदर्ता अधिकारीले जाँचबुझ गरी १ प्रति आयोगमा समेत अनिवार्य रुपमा पठाउनु पर्नेछ।

## नामावली संकलन तथा अद्यावधिक सम्वन्धमा
## संकलनकर्ताका लागि २ दिने तालिम कार्यक्रम

### पहिलो दिन

| समय | विषय | जिम्मेवारी |
|---|---|---|
| १०.०० - ११.३० | मतदाता नामवाली सम्वन्धी ऐन, नियमावली र निर्देशिकामा भएका प्रावधानवारे सामान्य जानकारी | सहायक नामदर्ता अधिकारी |
| ११.३० - १२.३० | मतदाता नामावली संकलन प्रक्रियामा संलग्न रहने सरोकारवालाहरुको भूमिका | सहायक नामदर्ता अधिकारी |
| १२.३० - १२ .४५ | **चिया** | |
| १२.४५ - १ .४५ | नामावली संकलन प्रक्रियामा प्रयोग गरिने फारामहरुको सैद्धान्तिक पक्षवारे जानकारी | सहायक नामदर्ता अधिकारी |
| १.४५ - २ .२५ | **खाजा** | |
| २.२५ - ४ .०० | नामावली संकलन प्रक्रियामा प्रयोग गरिने फारामहरुको व्यवहारिक अभ्यास (अनुसूची-३) | सहायक नामदर्ता अधिकारी |

### दोस्रो दिन

| समय | विषय | जिम्मेवारी |
|---|---|---|
| १०.०० - ११.३० | नामावली संकलन प्रक्रियामा प्रयोग गरिने फारामहरुको व्यवहारिक अभ्यास (अनुसूची-४) | सहायक नामदर्ता अधिकारी |
| ११.३० - १२.३० | नामावली संकलन प्रक्रियामा प्रयोग गरिने फारामहरुको व्यवहारिक अभ्यास (अनुसूची-५) | सहायक नामदर्ता अधिकारी |
| १२.३० - १२ .४५ | **चिया** | |
| १२.४५ - १ .४५ | नामावली संकलन प्रक्रियामा प्रयोग गरिने फारामहरुको व्यवहारिक अभ्यास (अनुसूची-६) | सहायक नामदर्ता अधिकारी |
| १.४५ - २ .२५ | **खाजा** | |
| २.२५ - ४ .०० | नामावली संकलन प्रक्रियाको सम्वन्धमा स्थानीय वस्तुस्थिति अनुसारको थप जानकारी र संकलन सामग्री वितरण एवं समापन | सहायक नामदर्ता अधिकारी |